आठौ गाउँसभा

आज मिति २०७६ साल आषाढ महिनाको ६ गतेका दिन बिहान १० बजे यस बारेकोट गाउँपालिकाको आठौ औं गाउँसभाको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यू को अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क.स. | पदाधिकारीको नाम | पद | हस्तक्षर |
|---|---|---|---|
| १) | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष बारेकोट गाउँपालिका | |
| २) | श्री ओमा शाही | उपाध्यक्ष बारेकोट गाउँपालिका | |
| ३) | श्री द्वारिका प्रसाद बुढा | सदस्य गाउँसभा | |
| ४) | श्री देउमा बुढा | सदस्य गाउँसभा | |
| ५) | श्री मैसरी नेपाली | सदस्य गाउँसभा | |
| ६) | श्री बिर्ख बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ७) | श्री जय बहादुर नेपाली | सदस्य गाउँसभा | |
| ८) | श्री कर्णे कामी | सदस्य गाउँसभा | |
| ९) | श्री ममिता पुन (घर्ती) | सदस्य गाउँसभा | |
| १०) | श्री सिता परियार | सदस्य गाउँसभा | |
| ११) | श्री खड्ग बहादु गिरी | सदस्य गाउँसभा | |
| १२) | श्री ओम बहादुर नेपाली | सदस्य गाउँसभा | |
| १३) | श्री मन बहादुर शाही | सदस्य गाउँसभा | |
| १४) | श्री धनकला बोहरा | सदस्य गाउँसभा | |
| १५) | श्री कमला नेपाली | सदस्य गाउँसभा | |
| १६) | श्री प्रेम बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १७) | श्री मुन बहादुर बोहरा | सदस्य गाउँसभा | |
| १८) | श्री सिर्जना बस्नेत | सदस्य गाउँसभा | |
| १९) | श्री मैमा बोहरा | सदस्य गाउँसभा | |
| २०) | श्री शिला सार्की | सदस्य गाउँसभा | |
| २१) | श्री जय बहादुर रावत | सदस्य गाउँसभा | |
| २२) | श्री कर बहादुर सिंह | सदस्य गाउँसभा | |
| २३) | श्री अजबीर सिंह | सदस्य गाउँसभा | |

| | | |
|---|---|---|
| २४) | श्री जय बहादुर सिंह | सदस्य गाउँसभा |
| २५) | श्री भक्त बहादुर बस्नेत | सदस्य गाउँसभा |
| २६) | श्री रंजा सिंह | सदस्य गाउँसभा |
| २७) | श्री किकरी नेपाली | सदस्य गाउँसभा |
| २८) | श्री तिले महतारा | सदस्य गाउँसभा |
| २९) | श्री मायादेबि चलाउने | सदस्य गाउँसभा |
| ३०) | श्री तुल्सी नेपाली | सदस्य गाउँसभा |
| ३१) | श्री मकर बहादुर कार्की | सदस्य गाउँसभा |
| ३२) | श्री देव बहादुर चलाउने | सदस्य गाउँसभा |
| ३३) | श्री बसन्त शाही | सदस्य गाउँसभा |
| ३४) | श्री सुन्तली बुढा | सदस्य गाउँसभा |
| ३५) | श्री सुन्दरी सार्की | सदस्य गाउँसभा |
| ३६) | श्री डिल बहादुर बस्नेत | सदस्य गाउँसभा |
| ३७) | श्री राजवीर बस्नेत | सदस्य गाउँसभा |
| ३८) | श्री लालभक्त सिंह | सदस्य गाउँसभा |
| ३९) | श्री पार्वती खत्री | सदस्य गाउँसभा |
| ४०) | श्री सुचिता वि.क. | सदस्य गाउँसभा |
| ४१) | श्री मान बहादुर सिंह | सदस्य गाउँसभा |
| ४२) | श्री कृष्ण बहादुर रावल | सदस्य गाउँसभा |
| ४३) | श्री शशिराम ~~बुढा~~ जीतम | सदस्य गाउँसभा |
| ४४) | श्री मनमाया बुढा | सदस्य गाउँसभा |
| ४५) | श्री कमारी नेपाली | सदस्य गाउँसभा |
| ४६) | श्री मन बहादुर कामी | सदस्य गाउँसभा |
| ४७) | श्री धन बहादुर महतारा | सदस्य गाउँसभा |
| ४८) | श्री ऐन बहादुर परियार | सदस्य गाउँसभा |
| ४९ | श्री धनवीर कामी | सदस्य गाउँसभा |
| ५०) | श्री रुद्र बहादुर पछाई | सदस्य सचिव गाउँसभा |

प्रस्ताव नं. १ : आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम सम्वन्धमा ।

निर्णय नं. १ : यस गाउँपालिकाको आ.व. २०७६।७७ को देहाय बमोजिमको वार्षिक नीति तथा कार्यक्रम यस सभाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहले यस सभामा प्रस्तुत गर्नुभयो । उक्त वार्षिक नीति तथा कार्यक्रम आजै यस सभामा छलफलको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

बारेकोट गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहले गाउँ सभामा प्रस्तुत गर्नु भएको

बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

बारेकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
लिम्सा जाजरकोट
६ आषाढ, २०७६

माननीय गाउँसभा सदस्य ज्यूहरू,

१.बारेकोट गाउँपालिकाको समग्र आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरणकालागि आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ। यस अवसरमा अधिकार प्राप्तिका लागि भएका विभिन्न लोकतान्त्रिक आन्दोलनमा र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका योद्धा र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान पुऱ्याउने महान व्यक्तित्वहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

Scanned with CamScanner

३. स्थानीय सरकार जनताको नजिकको सरकार भएको कारण यस प्रति जनताका अपेक्षा र आकांक्षाहरु धेरै हुनु स्वाभाविकै हो। केन्द्र सरकार र प्रदेश सरकारको तुलनामा कानूनी, संस्थागत र कार्यगत बन्दोबस्तीको सर्वथा अभाव रहेको अवस्थामा संरचनागत अन्यौल, कानूनी अस्पष्टता, यथासमयमा योजना कार्यक्रम, सङ्गठन संरचना हस्तान्तरण र कर्मचारी समायोजन समेत हुन सकेन। कर्मचारी समायोजन पश्चात् समेत कर्मचारी यस गाउँपालिकामा आउने भन्दा पनि यहाँ बाट अन्य स्थान र अन्य ठाउँमा जाने क्रम बढ्यो । यस अवस्थामा जनअपेक्षालाई सम्बोधन गर्ने गाउँपालिकाको इमान्दार प्रयास प्रति यो गाउँ सभा जानकार नै छ । यति हुँदा हुँदै पनि स्थानीय सरकारले आवश्यक नीति तथा कानूनहरुको निर्माण, नीति तथा कार्यक्रमको कार्यान्वयन र बजेटको सञ्चालनमा अनुभूत हुने गरी प्रगति हासिल गरेको छ ।

४. बारेकोटको समग्र विकासका लागि नीति, योजना र कार्यक्रम निर्माण गर्दा आवश्यक सूचना, तथ्यांक, अध्ययन, अनुसन्धान अपर्याप्त रहेको सन्दर्भमा यस गाउँपालिकाको आवश्यकता अनुसारको वस्तुगत तथ्याङ्क सङ्कलन, सूक्ष्म अध्ययन, वैज्ञानिक विश्लेषण, समस्या पहिचान, समाधानका उपाय र यसको कार्यान्वयनको खाकाको तयारी प्रारम्भिक कार्य हो। योजनाको प्रभावकारी तथा पारदर्शी कार्यान्वयन, विकासमा गुणस्तरीयता र यसको प्रतिफलको उपयोग समेतमा अत्यन्त मिहिन ढङ्गले विश्लेषण गरी अगाडि बढ्नु पर्ने आवश्यकता छ ।

५. बारेकोटको विकास र समृद्धि भनेको बाटो घाटो, उद्योग धन्दा, कल कारखाना मात्र होइन, हिंसारहित घरपरिवार, विभेदरहित समाज, काम गरेर दुई छाक राम्ररी खान सक्ने अन्नपात, आङ ढाक्न पुग्ने लुगाफाटो, घाम, पानी, शीत, हिउँबाट ओतलाग्ने छानो र राज्यले उपलब्ध गराएको सेवा सुविधा सहजै पाउन सक्ने वातावरण पनि हो। आम बारेकोटबासीको जीवन र परिवेश सुधार गर्न जीवनोपयोगी शिक्षा, सामाजिक सोचर जिम्मेवारीबाट सुसज्जित आत्मनिर्भर व्यक्ति, खुशी परिवार र उत्पादनशील समुदाय निर्माण गर्दै मुलुक र प्रणाली प्रति सम्मान र आदर भाव जागृत गर्न "शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार: यसका लागि पूर्वाधार" मूल नाराका साथ खाना, नाना र छानाको प्रबन्ध गर्ने ध्येयले यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।

६. समग्र बारेकोटको अवस्था, समस्याहरु, विकासको सम्भावना र आवश्यकता मुलुकको अन्य भागका भन्दा नितान्त फरक छन्। यो परिवेशलाई ध्यानमा राखी प्रत्येक बारेकोटवासीका घर-गोठ, चुल्हो-चौको, खेत-बारी, सन्चो-बिसन्चो, बालबालिकाको लालन- पालन, पढाई-लेखाई, छोरा सरह छोरी-बुहारीहरुलाई समान व्यवहार, छुवाछुत लगायत सबैखाले विभेदको अन्त्य, युवालाई देशभित्रै रोजगारी, अपाङ्गता भएकाहरुलाई अवसर र ज्येष्ठ नागरिकको आदर सम्मानका विषयमा यो स्थानीय सरकारले मौलिक रुपमा सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

७. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लगिनेछ। लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ ।

७.१ स्थानीय सरकारले रु. ५ लाख भन्दा बढी लागत अनुमान भएका आयोजनाहरुमा मात्र बजेट विनियोजन गरिनेछ ।

७.२ सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा असोज मसान्त भित्र ठेक्का प्रकृया शुरु गरिनेछ ।

महेन्द्र बहादुर शाह
अध्यक्ष

Scanned with CamScanner

३३ मानव विकास र मानवीय चेतनाको रुपान्तरण गरी जीवनलाई सहज र सकारात्मक रुपमा बुझ्ने, जीवनका उज्याला पक्षहरु देख्न सक्ने र राम्रा कार्यहरुको प्रशंसा गर्ने र अर्काको प्रगतिमा रमाउन सक्ने स्वउत्प्रेरित नागरिक तयार गर्ने तर्फ शिक्षा प्रणालीलाई केन्द्रित गरिनेछ ।

३४ काम गर्ने उमेर पुगेका व्यक्तिलाई सीप, उद्यमशिलता र सहुलियत पूर्ण ऋण उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । फर्म दर्ता तथा स्थायी लेखा नम्बर प्राप्त गर्न सहजीकरण गरिनेछ ।

३५ प्रदेश समन्वय परिषद्को पहिलो बैठकबाट निर्णय भएका साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ ।

३६ प्रदेश र स्थानीय तह बीच दोहोरोपना नहुनेगरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरु सञ्चालन गरिनेछ ।

८. आर्थिक विकास :

सिंचाइका श्रोतहरुको पहिचान गरी खेतीयोग्य जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन कार्यलाई प्राथमिकताका दिइनेछ ।

८.१ जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधीकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ ।

९.१ सहकारी र स्थानीय समुदायको सहभागितामा रैथाने प्रजातिका कृषि बालीवस्तुहरुको उचित संरक्षण र सम्वर्द्धन गरिनेछ। सबै कृषियोग्य भूमिको माटो परीक्षण, बिउ, सिँचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन बृद्धिमा जोड दिइनेछ। माटो, मौसम र बीऊको संयोजन गरी बेमौसमी उत्पादनलाई जोड दिइनेछ ।

९.२ स्थानीयस्तरमा उपलब्ध हुने अनाज तथा खाद्यवस्तुको संरक्षण र प्रवर्द्धन गरी सहकारी र स्थानीय समुदायको सहभागितामा "पोषण पाकशिक्षा तथा भान्सा सुधार कार्यक्रम" सञ्चालन गरिनेछ । दैनिक खानपिनमा बजारको तयारी खानेकुरालाई निरुत्साहित गर्न विद्यालय, समुदायदेखि नै अभियान चलाइनेछ ।

९.३ गत बिगत बर्षहरुमा संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

९.४ धान, मकै, गहुँ, जौ, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोसेबाली, आलु, कोइरा, काउली, बन्दा, पिँडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदि मसलाबालीको पकेट क्षेत्र अनुसार उत्पादन, प्रोत्साहन र बजारीकरण गरिनेछ ।

९.५ स्याउ, सुन्तला, कागती, अमिलो, ज्यामिर, ओखर, नासपाती, केरा, आरु, आरुबखडा, किवी, जस्ता फलफुल उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी लाई फलफूलमा आत्मनिर्भर बनाइनेछ ।



Scanned with CamScanner

९.६ तोरी, चुली, ओखर, दंटेली, जैतुन, च्यूरीको उत्पादन र प्रशोधनबाट खाने तेलमा बारेकोटलाई आत्मनिर्भर बनाइनेछ ।

९.७ भेडा, बाखा, घोडा, खच्चड, गाई, भैंसी, बँगुर,जस्ता पशुपालन र कुखुरा, हाँस, आदि पंछीहरु, मौरीपालन र माछापालन व्यावसायिक रुपमा पकेट क्षेत्र निर्धारण गरी उत्पादन र बजारीकरणको लागि प्रचार प्रशार गरिनेछ ।

९.८ पालिका भित्रका सम्पुर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर, महामारी रोग बिरुद्धको खोप, महामारी रोग नियन्त्रण, पशु पंक्षी उपचार (मेडिकल,गाइजोकलोजिकल,माइनर सर्जरी) समुहलाई डेन्चिगंऔषधी खरिद इपिडिमियोजिकल प्रतिवेदन कार्यक्रम संचालनमा ल्याइने छ ।

९.९बढ्दो बजारीकरणलाई ध्यानमा राखी पालिकाको केन्द्र लिम्सामा मासु पसल, दुध डेरी पसल संचालन गर्नका लागि **"कृषिका लागि अध्यक्ष अनुदान"** कार्यक्रम संचालनमा ल्याइने छ ।

९.१० जोनोटिक रोग नियन्त्रण,रेविज रोग नियन्त्रणका लागि निशुल्क खोप लगाउने,सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जास्ता कार्यक्रम संचालन गरिने छ ।

९.११ व्यवसायिक भेडा बाखापालन गर्ने कृपकहरुलाई, लेयर्स गिरीराज कुखुरा पालन गरी २०० माउ कुखुरा भन्दा माथी उत्पादन गर्ने कृपक समुहलाई प्रति अन्डा उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाईने छ । त्यस्तै गाई, भैसी पालन गर्ने कृपकहरुलाई दुध उत्पादन गरी डेरी पसलमा बिक्री गरेको आधारमा प्रतिलिटरमा आधारित अनुदान कार्यक्रम संचालनमा ल्याइने छ ।

९.१२ स्थानीय जातको कुखुरा लोप हुदै गइरहेको अवस्थालाई मध्यनजर गरी स्थानीय कुखुरा पालन समुह दर्ता गरी स्थानीय कुखुराको चल्ला वितरणको कार्यक्रम संचालनमा ल्याइने छ ।

९.१३ पशु विमा प्रर्बद्धन कार्यक्रम,मत्स्य विकास कार्यक्रम,पशु नस्ल सुधार कार्यक्रम र पशु पोपण सुधार जस्ता कार्यक्रम संचालन गरिने छ ।

९.१४ भौगोलिक विकटताका कारण पशु सेवा केन्द्र लिम्सामा आई पशु वस्तुहरुलाई सेवा लिन समस्या हुने भएको हुँदा एक वडा एक पशु सेवा इकाई स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

१०. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ ।

१०.१ बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ ।

१०.२ खाद्यन्न आपुर्तीका लागि खाद्य डिपो र नुन आपुर्तीको लागि नुन डिपोको स्थापना गर्न पहल गरिनेछ ।

११. महत्वपूर्ण पर्यटकीय स्थानको रुपमा रहेको साइकुवारी तिर्थ स्थललाई संरक्षण तथा प्रचार प्रशार गरी पथमार्ग निर्माण गर्ने र अन्य पर्यटकीय क्षेत्रको सूची तयार गरी प्रचार प्रसार गरिने छ ।



Scanned with CamScanner

मोहन बहादुर शाह
अध्यक्ष

१२ तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र सचालनमा रहेका सम्पूर्ण सहकारीहरूलाई क्रियाशिल बनाउने र सहकारी संस्थाका पदाधिकारीहरूको क्षमता बिकासमा जोड दिइने छ ।

१३ पालिका भित्रमा बाजो जमिनहरुको तथ्यांक संकलन गरी आवश्यक नीति तयार गरी"**कृषक सँग जन प्रतिनिधि कार्याक्रम**"कार्यन्वयनमा ल्याइने छ ।

**१४. सामाजिक विकास समिति :**

खानेपानी तथा सिंचाइको दीर्घकालीन समस्या समाधान गर्न स्वच्छ खानेपानी तथा सिंचाइ उपलब्ध गराउने नीति लिईनेछ ।

१४.१ क्रमिक रुपमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ । विद्यालय र स्वास्थ्य संस्थामा र वडा कार्यालयहरुमा खानेपानीको अवधारणा अनुसार स्वच्छ तथा गुणस्तरीय खानेपानी उपलब्ध गराइनेछ । विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानहरु पहिचान गरी त्यस्ता बस्तीहरुलाई उच्च प्राथमिकता दिईनेछ ।

१४.२ सरसफाइ सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। वडा कार्यालय लगायत मानिसहरुको भिडभाड हुने मुख्य मुख्य सार्वजनिक स्थालहरुमा सार्वजनिक शौचालयहरु निर्माणको अभियान सञ्चालन गरिनेछ ।

१४.३ गत विगत बर्षमा निर्माणाधिन खानेपानी योजनाहरुलाई आ.व. ०७६।०७७ मा सम्पन्न गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१५ लक्षित वर्ग र समुदायलाई पहिचान गरी राष्ट्रिय नीति अनुरुप जनता आवास कार्यक्रमलाई सहयोग पुग्ने गरी आवश्यक प्रक्रियाको थालनी गरिनेछ । यसका लागि आगामी आर्थिक बर्षबाट " **आगलागी नियन्त्रणका लागि खरको छाना विस्थापन गर्ने कार्यको**"थालनी गरिनेछ ।

१६. बारेकोट गाउँपालिकामा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ।

१६.१ विद्यालयमा दरबन्दी नभएका र गणित, विज्ञान र अंग्रेजी विषयका विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुलाई अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६.२ शिक्षालाई गुणस्तर ल्याउनका लागि नियमित रुपमा अनुगमन गरी सो प्रतिवेदनका आधारमा पालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई विद्यार्थी अनुपात र शिक्षक दरबन्दीको अवस्था अनुसार अन्तर विद्यालयमा सरुवा गरिने प्रक्रियाको थालनी गरिनेछ ।

१६.३ बालबालिकाहरु विद्यालयमा गई सहज शान्त वातावरणमा अध्ययन गर्न पाउने नैसर्गिक अधिकार भएको हुदा हाल सम्म विद्यालयहरुमा पर्याप्त मात्रमा विद्यालयमा भौतिक पूर्वाधार तथा फर्निचरको व्यवस्था नभएको हुदा आगमी आ.व.मा बारेकोट गाउँपालिका भित्रका ४३ वटै विद्यालयहरुमा फर्निचरयुक्त विद्यालय बनाउने अभियान ल्याएको छ ।

१७. "स्वास्थ्य र मनोरञ्जनका लागि खेल" भन्ने अवधारणा अनुरुप बारेकोट गाउँपालिकाको खेलक्षेत्रको विकास र प्रवर्द्धन गरी सबै युवाहरुलाई खेलकुदप्रति आकर्षित गरिनेछ। खेलकुदलाई जीवन पद्धतिको अभिन्न क्रियाकलाप बनाइनेछ।

१७.१ खेल क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि पालिका स्तरीय खेलकुद विकास परिषद् गठन गरिनेछ ।



मोहन बहादुर शाह

१७.२ बारेकोट गाउँपालिकाको केन्द्र लिम्सामा एक **"बारेकोट शहिद स्मृति रंगशाला"** निर्माण गरी आगामी आ.व.बाट अध्यक्षकप खेलकुद प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७.३ युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्नका लागि प्रत्येक वडामा वडा स्तरीय खेलकुद प्रतियोगिता कार्यक्रम सञ्चालन गरिनेछ।

१८.४ बारकोट गाँउपालिका भित्र मा.बि. संचालन हुन नसकेका वडा नं ४ लगायत अन्य वडामा मा.बि. संञ्चालनका लागि आवश्यक नीति लिइने छ । साथै ११/ १२ र स्नातक तह संचालनमा समेत विशेष जोड दिइनेछ ।

१८. पालिका भित्र रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गरिनेछ। यसका लागी पञ्चेवाजा संरक्षणमा विशेष जोड दिइनुका साथै गाँउपालिका केन्द्र लिम्सा रहेको **देउती बज्यै मन्दिर** लाई प्रचार प्रसार गरी यसको महत्वलाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न विशेष जोड दिइनेछ ।

१८.१ परमपरागतरुपमा प्रयोग हुदै आएको विभिन्न भाषा संस्कृतिहरुलाई संरक्षण गर्दै मगर खाम भाषाको पहचिान गरि संरक्षण का लागि आवश्यक नीति लिइने छ ।

१९. छोरीहरुको खानपिन उपचार लालनपालन शिक्षा आदिमा हुने भेदभाव अन्तगर्न कम उमेरमा हुने विवाह रोक्न, छिटै र धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुनेअवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, छुई हुँदा गरिने निकृष्ट व्यवहारलाई दण्डित गर्न अरुलाई खाना खुवाएर बचे पछि मात्रै खाने परिवारको हेपिएको सदस्यको रुपमा गरिने व्यवहार हटाउन छोरीको गर्भ र जन्मदेखि नै समान रुपले हुर्काउन, पढाउन, विभेद रहित र सुरक्षित छु भन्ने आभास दिलाउन, समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण वनाउन आवश्यक सबै उपाय अवलम्बन गरिनेछ ।

२०. दलित प्रतिको अमानवीय र निकृष्ट व्यवहार हटाउने तमाम प्रयास र प्रतिवद्धताबाट अनुभूत हुने तहको परिवर्तन भएको नदेखिँदा विभेद न्यूनीकरणका नयाँ र अन्तर सम्बन्धित सामाजिक व्यवहार निर्माण, व्यक्ति व्यक्ति बिच आपसी प्रेम र सद्भाव पैदा हुने वातावरणको सिर्जना र सामाजिक अन्तरघुलनका उपायहरुको अवलम्बन, कुरितीजन्य सोचको रुपान्तरण र अन्तरदलित विभेद समेत हटाउँदै आत्मनिर्भर हुन उद्यमशीलता, रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना र पहुँचबाट यस्तो सामाजिक विभेद समूल नष्ट गरी एउटा आदर्श र समतामूलक समाज निर्माण गर्ने दिशामा स्थानीय सरकारका कार्यक्रमहरु लक्षित हुनेछन्।

२०.१ महिला तथा दलित आयआर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिकशिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गरिनेछ।

२०.२ गत वर्षका महिला विकास तर्फका कार्यक्रमहरुलाई निरन्तरता दिएको छ ।

२१. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।

२१.१ प्राथमिक स्वास्थ्य केन्द्र लिम्सालाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी नियमितरुपमा डाक्टर बस्ने व्यवस्था मिलाईने छ ।



Scanned with CamScanner

२१.२ यस पालिका भित्र स्थापना भएका  सम्पूर्ण सामदयिक स्वास्थ्य इकाईहरुलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गर्न आवश्यक पहल गरिनेछ ।

२१.३ प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिङ्ग सेन्टरहरुलाई व्यवस्थित गर्ने सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा अति आवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाईनेछ ।

२१.५ जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालन गरिनेछ ।

२१.६ सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा चौबिसै घण्टा संचालन हुने गरी खानेपानी तथा बत्तीको व्यवस्था गरिने छ ।

२१.७ स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसँग  समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२१.८  पोषणसंग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ ।

२१.९ कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका  लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ ।

२१.१० नेपाल सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

२१.११ सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारतर्फ ध्यान दिदै भवन निर्माण, मर्मत र घेरबार निर्माण गर्न जोड दिइनेछ ।

२१.१२ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा प्रयाप्त मात्रामा औषधीको व्यवस्था गरिनेछ ।

२१.१३  हजार दिनका आमाहरुसँग उपाध्यक्ष कार्यक्रम आगामी आ.व. बाट संचालनमा ल्याइनेछ ।

भौतिक पूर्वाधार बिकास समिति

२२. साना जलविद्युत, वैकल्पिक उर्जा (सोलार) आदिको सम्भाव्यता तथा विस्तृत अध्ययन गर्दै वडा नं. ५ मा परिक्षण स्वरुप मिनिग्रेड प्रणालीमा संचालमा आवश्यक पहल गरी उज्यालो बारेकोट अभियानलाई अगाडी बढाउन केन्द्रीय लाइन विस्तारमा बिशेष जोड दिइने छ ।

२३. गाउँपालिका महत्वका रणनीतिक सडकहरुमा आवश्यकता अनुसार लागी"**हाम्रो जनता सडक कार्यक्रम**"संचालन गर्दै प्रभावकारी रुपमा परिणाम मूखी कार्यान्वयनको थालनी गरिनेछ । सो कार्याक्रम अर्न्तगत सबै वडाहरुको केन्द्रबाट गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिन तत्कालै प्रारम्भिक सम्भाव्यता अध्ययन तथा सर्भे गर्ने कार्य लाई तिव्रता दिदै सर्भे डिजाईन भइसेका  र ट्रयाक खन्ने कार्यलाई  तिब्रता दिइनेछ ।



Scanned with CamScanner

२३.१ ध्यापाटाकुरा लिम्सा सडकको करीब ११ किलोमीटर सडक आगामी आ.व.मा स्तरोन्नतिको कार्य प्रारम्भ गरिनेछ ।

२३.२ लिम्सा रोकायगाउँ मुल्साम सडक(१४.९९५ कि.मी.) तथा लिम्सा मिन्तिङ्चौर हुँदै दहसम्म(१०.५ कि.मी.) सडकको आगामी आ.व.मा नयाँ ट्र्याक खोल्ने कार्यको सुरुवात गरिनेछ ।

२३.३ विद्यालय जाने बालबालिका, बिरामी, अशक्त लगायत आम नागरिकको सुविधा तथा अन्य सेवाको पहुँचमा अभिवृद्धि गराउनको लागि कुनैपनि बारेकोटबासीले एकघण्टा भन्दा बढीको फेरो लगाउनु नपर्ने गरी खोलानालाहरुमा नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक झोलुङ्गे पुल निर्माण गरिनेछ ।

२३.४ लिम्सा हानेसल्ला सडकको नयाँ ट्र्याक खोल्ने कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ ।

२४. भवन तथा सहरी विकास :

१. वडा नं. १, ३, ४, ६, ७ र ९ को वडा कार्यालय भवन आगामी आ.व.मा सम्पन्न गरिनेछ । साथै अन्य वडा कार्यालयहरु २, ५ र ८ को वडा भवनको डि.पी.आर तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । उक्त वडाका भवनहरु निर्माण गर्ने कार्य आगामी आ.व.मा शुरु गरिनेछ ।
२. वडा नं. १, ३, ४, ६, ७ र ९ को वडा कार्यालय भवनको घेराबार निर्माण गरी वडा कार्यालयहरुमा गुणस्तरीय खानेपानी यसै आगामी वर्षमा निर्माण कार्य सम्पन्न गरिने छ ।

**शुसाशन तथा अन्तर सम्बन्ध विकास समिति**

२५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ। प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ। विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

२५.१ विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

**श्रम तथा रोजगारी**

२६ काम गर्ने उमेरका जनशक्तिलाई समग्र विकास निर्माणका काममा परिचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय सरकारले समेत आवश्यक लगानी गरी उक्त कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । यसका लागि आ.व.२०७६।७७ देखि संचालन हुने रु. ५ लाख सम्मका योजनाहरुको श्रमिक समूह द्वारा कार्य गर्ने व्यवस्था मिलाईनेछ । श्रमको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई सफल पार्न यस गाउँपालिकाले समेत निरन्तरता दिइनेछ ।

गाउँ सभा सदस्य महोदय,

२७.नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

२९ करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ।

३०. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ ।



Scanned with CamScanner

३१. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ।

३२. दीर्घकालीन सोचका आधारमा आवधिक योजनासँग तालमेल हुने गरी वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ।

३३. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ।

३४. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ। यसका लागि नेपाल सरकार द्वारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ ।

३५. सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।

३६. संघीय कानूनसँग तालमेल हुने गरी सार्वजनिक खरीद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन यस सभाबाट पारित गरिएको बारेकोट गाउँपालिकाको खरिद नियमावली, २०७५ लाई आ.व.२०७६।७७ देखि लागु गरिनेछ ।

३७ आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन। एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ ।

३८. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ ।

३९ पालिका भित्रमा सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा अनुगमनलाई स्थलगत अनुगमन बनाइनेछ ।

३९.१ उपाध्यक्ष ज्यूको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३९.२ आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन गर्ने कानूनी प्रबन्धको कार्यान्वयनमा जोड दिईनेछ ।

३९.१ प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ ।

गाउसभा सदस्य महोदय,

४०. कानूनको शासन प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

४०.१ न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।



Scanned with CamScanner

३४.३ समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी रजनप्रतिनिधिहरु सबैले आ-आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक बहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासन प्रत्याभूत गरिनेछ।

४१ विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

४२. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने गाउँसभा सम्पुर्ण सदस्य ज्यू हरु राजनीतिक दलका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटीबासीहरुप्रति हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

महेन्द्र बहादुर शाह

अध्यक्ष

मिति : २०७६।०३।०६

प्रस्ताव नं. २ : आ.व. २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।

निर्णय नं. २ : यस सभामा प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रम माथि विभिन्न सदस्य ज्यूहरुले आफ्नो धारणा राख्ने कार्य सम्पन्न भएकोले उक्त नीति तथा कार्यक्रमलाई यस सभाबाट सर्वसम्मतिले पास गर्ने निर्णय गरियो ।

महेन्द्र बहादुर शाह

Scanned with CamScanner